प्रदेश सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

गण्डकी प्रदेश, पोखरा

## पदपूर्ती सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/०८/२२**

यस मन्त्रालय मातहतका प्रदेश भित्रका विभिन्न अस्पतालहरु एवं मातहतका निकायहरुमा कोभिड रोगको रोकथाम, नियन्त्रण र उपचारका लागि स्वीकृत अस्थायी दरबन्दीमा तपशिल बमोजिमका सेवा समूहका पदमा अन्तर्वार्ता विधिबाट सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिएको छ ।

**तपशिलः**

| क्र. सं | विज्ञापन नं. | पद | तह | न्युनतम शैक्षिक योग्यता | माग पद संख्या र निकाय | | | | | | | | | | | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, कास्की | धौलागिरी अस्पताल, बागलुङ | पर्वत अस्पताल, पर्वत | बेनी अस्पताल, म्याग्दी | मातृशिशु मितेरी अस्पताल | स्याङ्जा अस्पताल, स्याङ्जा | दमौली अस्पताल, तनहुँ | लमजुङ अस्पताल, लमजुङ | गोरखा अस्पताल, गोरखा | मध्यविन्दु जिल्ला अस्पताल, नवलपरासी (ब.सु.पू.) | मुस्ताङ अस्पताल, मुस्ताङ | मनाङ अस्पताल, मनाङ | संक्रामक तथा सरुवा रोग अस्पताल, कास्की | स्वास्थ्य निर्देशनालय, कास्की | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, कास्की | |
| १ | १/०७८-७९ | कन्सल्टेन्ट ट्रपिकल मेडिसिन | नवौं | ट्रपिकल मेडिसिनमा स्नातकोत्तर | १ | | | | | | | | | | | | | | | **१** |
| २ | २/०७८-७९ | कन्सल्टेन्ट पेडियाट्रिसियन | नवौं | पेडियाट्रिक्समा स्नातकोत्तर | १ | | | | | | | | | | | | | | | **१** |
| ३ | ३/०७८-७९ | कन्सल्टेन्ट मेडिकल जनरलिष्ट | नवौं | एम.डि. जि. पि. उपाधि | १ | | | | | | | | | | | | | | | **१** |
| ४ | ४/०७८-७९ | कन्सल्टेन्ट जनरल फिजिसियन | नवौं | जनरल वा ईन्टरनल मेडिसिनमा स्नातकोत्तर | १ | | | | | | | | | | | | | | | **१** |
| ५ | ५/०७८-७९ | कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट | नवौं | एनेस्थेसियोलोजीमा स्नातकोत्तर | १ | | | | | | | | | | | | | | | **१** |
| ६ | ६/०७८-७९ | मेडिकल अधिकृत | आठौं | एम.बी.बी.एस वा सो सरह | २७ | | | | | | | | | | | | | | | **२७** |
| ७ | ७/०७८-७९ | मेडिकल ल्याव टेक्नोलोजिस्ट | सातौं | मेडिकल ल्याव टेक्नोलोजीमा स्नातक | १३ | | | | | | | | | | | | | | | **१३** |
| ८ | ८/०७८-७९ | स्टाफ नर्स | पाँचौं | नर्सिङ विषयमा प्रमाणपत्र तह | | १३ | ८ | १२ | ७ | ९ | ७ | ९ | १२ | १२ | ३ | ३ | ३० | ३ | | **१२८** |
| ९ | ९/०७८-७९ | हेल्थ असिस्टेन्ट | पाँचौं | सामान्य चिकित्सा विषयमा प्रमाणपत्र तह | | ४ | ४ | ३ | २ | ४ | २ | ३ | ३ | ४ | १ | १ | २ | २ | | **३५** |
| १० | १०/०७८-७९ | मेडिकल रेकर्डर | पाँचौं | तथ्यांक वा गणित विषयमा स्नातक | | १ | १ | ० | ० | ० | १ | १ | १ | ० | १ | १ | २ | | २ | **११** |
| ११ | ११/०७८-७९ | रेडियोग्राफर | पाँचौं | रेडियोग्राफी विषयमा प्रमाणपत्र तह | | ० | १ | ० | ० | १ | ० | ० | १ | ० | १ | ० | | | | **४** |
| १२ | १२/०७८-७९ | एनेस्थेसिया सहायक | पाँचौं | हेल्थ असिस्टेन्ट, स्टाफ नर्स, अ.हे.अ. वा अ.न.मि. कोर्ष उत्तीर्ण गरी एनेस्थेसिया सम्बन्धी तालिम प्राप्त | | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | | | | **२** |
| १३ | १३/०७८-७९ | बायोमेडिकल टेक्निसियन | पाँचौं | आई. एस्सी. वा विज्ञान विषय लिई १२ कक्षा उत्तीर्ण गरी बायोमेडिकल टेक्निसियनमा कम्तिमा एक बर्षको तालिम वा बायोमेडिकल ईन्जिनियरिङमा प्रमाणपत्र तह उत्तीर्ण | | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | ० | १ | | | **३** |
| १४ | १४/०७८-७९ | ल्याब टेक्निसियन | पाँचौं | मेडिकल ल्याव टेक्नोलोजी विषयमा प्रमाणपत्र तह | | ० | १ | २ | २ | ० | १ | २ | ३ | ३ | १ | ० | | | २ | **१७** |
| १५ | १५/०७८-७९ | फार्मेसी सहायक | पाँचौं | फार्मेसी विषयमा प्रमाणपत्र तह | | १ | १ | २ | १ | २ | १ | ० | १ | ० | ० | १ | १ | | | **११** |
| १६ | १६/०७८-७९ | अ.हे.व. | चौथो | सी एम ए कोर्ष उत्तीर्ण | | १ | १ | २ | २ | १ | १ | ३ | १ | १ | ० | ० | १ | २ | | **१६** |
| १७ | १७/०७८-७९ | अ.न.मि. | चौथो | अ.न.मी. कोर्ष उत्तीर्ण | | २ | २ | २ | २ | २ | २ | ४ | ३ | २ | ० | ० | | | | **२१** |
| **जम्मा** | | | | | **४५** | **२२** | **१९** | **२३** | **१६** | **१९** | **१५** | **२३** | **२६** | **२४** | **७** | **६** | **३७** | **७** | **४** | **२९३** |

**नोटः**

१. **दरखास्त फारामः** यस मन्त्रालयको वेभसाईट mohp.gandaki.gov.np मा दिइएको फाराम डाउनलोड गरी भरेर दरखास्त फारामसँग संलग्न गर्नु पर्ने कागजातहरु सहित चौथो/पाचौं तहसम्मको हकमा जिल्ला स्थित सम्वन्धित अस्पताल/निकायमा र नवौं/आठौ/सातौं तहको हकमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गण्डकी प्रदेशमा दरखास्त पेश गर्नु पर्नेछ ।

२. **दरखास्त फारामसँग संलग्न गर्नु पर्ने कागजातहरुः**

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, पासपोर्ट साइजको फोटो सहितको बायोडाटा, एस.एल.सी. र सो भन्दा माथिका शैक्षिक योग्यताको प्रमाण पत्रका प्रतिलिपिहरु, नवीकरण गरिएको सम्बन्धित काउन्सिलको प्रमाण-पत्रको प्रतिलिपि र सम्बन्धित क्षेत्रमा काम गरेको कार्य अनुभवको प्रमाण पत्र ।

ख. दरखास्त साथ पेश गरेको प्रमाणपत्रको प्रतिलिपिको किनारमा दरखास्तवालाले आफै प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

ग. दरखास्त दिने अन्तिम दिन भित्र निर्धारित शैक्षिक योग्यताको प्रमाणपत्र हासिल गरिसकेको हुनुपर्ने छ । समकक्षता खुलाउनु पर्ने आवश्यक भएमा सो खुल्ने कागजपत्र समेत पेश गर्नुपर्नेछ । रित नपुगेको र शर्त सहितको आवेदन दर्ता गरिने छैन ।

३. **काम गर्नुपर्ने स्थानः** चौथो/पाँचौ तहसम्मको हकमा दरखास्त आवेदन दिएको निकाय र सातौं/आठौं/नवौं तहको हकमा गण्डकी प्रदेश, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मातहतका निकायहरु ।

४. **दरखास्त दस्तुरः** नवौं तहको लागि रु. १२००।-, आठौं तहको लागि रु. १०००।-, सातौं तहको लागि रु. १०००।-, पाचौं तहको लागि रु. ४००।- र चौथो तहको लागि रु. ३००।- दस्तुर बुझाउनु पर्नेछ । (नोटः दरखास्त दस्तुर बुझाएको सक्कलै भौचर आवेदन फारम साथ पेश गर्नु पर्नेछ)

क. बैंक खाता नं.- १०००१००२०००१०००० | ख. कार्यालयको कोड नं.- ३५५०१३९०१४

ग. कार्यालयको नामः स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गण्डकी प्रदेश | ग. राजश्व शीर्षक नं.- १४२२४ (परीक्षा शुल्क)

घ. एकल कोष भएको बैकको नामः राष्ट्रिय बाणिज्य बैक, पृथ्वीचोक, पोखरा ।

५. **उम्मेदवार हुनको लागि योग्यताः**

क. नेपाली नागरिक हुनुपर्नेछ ।

ख. उमेरको हकमा प्रचलित स्वास्थ्य सेवा ऐन, नियमावली अनुसार हुनुपर्नेछ ।

ग. भ्रष्टाचार तथा फौजदारी अभियोग सम्बन्धी मुद्दामा अदालतबाट सजाय नपाएको हुनुपर्नेछ ।

घ. भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको हुनुपर्नेछ ।

६. **पदमा रही गर्नु पर्ने कामको विवरणः** सम्बन्धित सेवा समूहका सम्बन्धित पदको कार्यविवरणमा उल्लेख भएको कार्यहरु गर्नुपर्नेछ ।

७. **परीक्षाको किसिमः** अन्तर्वार्ता (अन्तरवार्ताको मिति पछि प्रकाशन गरिनेछ) ।

८. **दरखास्त दिने अन्तिम मितिः** २०७८/०८/२८ गते मंगलवार कार्यालय समयभित्र । उक्त दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट सम्म हुनेछ ।

९. **तलवः** प्रचलित कानून बमोजिम हुनेछ ।

१०. विस्तृत सूचना मन्त्रालयको सूचना पाटी वा मन्त्रालयको वेभसाइट mohp.gandaki.gov.np मा हेर्न सकिने छ ।

११. अन्य कुनै विषयमा थप जानकारी आवश्यक भएमा प्रशासन शाखाको फोन नं ०६१-५३५०९५ मा सम्पर्क राख्न सकिनेछ ।

१२. अन्तर्वार्ताको मिति र समय मन्त्रालयको वेभसाईटमा प्रकाशन गरिने छ ।

**पदपूर्ति तथा सिफारिस समिति**